नेपाल सरकार
अर्थ मन्त्रालय

फोन न.: ४२००४१८
फ्याक्स न.: ४२००४६८
ईमेलmoev@mof.gov.np
सिहदरवार, काठमाडौ

च.नं.:

मिति : २०८०/०६/०९

बिषयः **प्रेस विज्ञप्ती** ।

माननीय अर्थ मन्त्री डा. प्रकाश शरण महतले यहि सेप्टेम्बर २५ मा एसियाली पूर्वाधार लगानी बैंक (Asian Infrastructure Investment Bank) का गभर्नरहरुको वार्षिक बैठकलाई इजिप्टको सार्म इल शेखमा सम्बोधन गर्नु भएको छ। बैठकलाई सम्बोधन गर्दै अर्थमन्त्री डा. महतले कम र मध्यम आय भएका मुलुकहरुको आर्थिक विकास गर्न र नागरिकहरुको जीवनस्तरमा सुधार गर्न विद्यमान वित्तीय साधनको कमीलाई पुरा गर्ने गरी बहुपक्षिय विकास साझेदार र अन्तर्राष्ट्रिय संस्थाहरु बिच समन्वय र सहकार्यको आवश्यकता रहेको बताउनुभयो। साथै, नेपाल जस्ता मुलुकलाई सहुलियत पूर्ण वित्तीय सहायताको आवश्यकता रहेको औंल्याउँदै उहाँले एसियाली पूर्वाधार लगानी बैंकबाट यस्तो वित्तीय साधन प्राप्त भएमा समतामूलक र दिगो विकासलाई प्रवर्द्धन गर्न र सदस्य मुलुकबिच रहेको विविधतालाई सम्बोधन गर्न महत्वपूर्ण कदम हुने उल्लेख गर्नुभयो। अर्थ मन्त्री डा. महतले परम्परागत स्रोतको माध्यमबाट मात्र पूर्वाधार विकासका लागि वित्तीय साधनको आवश्यकता परिपूर्ति गर्न नसकिने भएकोले सार्वजनिक निजी साझेदारी, हरित बन्ड, समिश्रित वित्त लगायतका नयाँ र उन्नत वित्तीय उपकरणको विकास गर्ने तर्फ समेत एसियाली पूर्वाधार लगानी बैंकले ध्यान दिनु पर्ने बताउनुभयो। नेपालजस्ता जलवायु परिवर्तनबाट बढी प्रभावित हुने मुलुकका लागि जलवायु वित्तलाई समेत वृद्धि गर्नुपर्ने र परियोजनाहरुमा जलवायुका मुद्दाहरुलाई आन्तरिकीकरण गर्ने तर्फ समेत अर्थमन्त्री डा. महतले बैंकको ध्यानाकर्षण गराउनुभयो।

०८०/०६/०९

धनिराम शर्मा
सहसचिव एवम् प्रवक्ता